UNITED NATIONS MISSION
IN NEPAL

UNMIN

नेपालस्थित संयुक्त
राष्ट्रसंघीय मिसन

**प्रेस विज्ञप्ति**
**३ भदौ २०६४**
**(२० अगस्ट २००७)**

*अन्मिनको बोली* नामक रेडियो कार्यक्रम आजदेखि हप्ताको दुई पटक प्रसारण हुँदैछ। पत्रिका-शैलीमा बनाइएको १५-मिनेट लामो यो कार्यक्रम नेपालको सार्वजनिक रेडियो स्टेशन रेडियो नेपालको साझेदारीमा प्रस्तुत गरिने छ र सबै रेडियो नेटवर्क र स्टेशनहरूलाई उपलब्ध गराइने छ।

"यस कार्यक्रमको उद्देश्य मुलुकभरका नेपाली समुदायहरूलाई अन्मिन तथा नेपालस्थित संयुक्त राष्ट्रसंघको टोलीले शान्ति प्रक्रियामा कसरी सहयोग पुऱ्याईरहेको छ भन्ने विषयमा सचेत गराउनु हो। हामी आशा राख्दछौं कि यसले संविधानसभा चुनावसम्मका दिनहरूमा शान्ति प्रक्रियाप्रति नेपालीहरूको विश्वास बढाउन मद्दत पुऱ्याउने छ" अन्मिनको सार्वजनिक सूचना कार्यालय प्रमुख किरण ड्वायरले भन्नुभयो।

प्रारम्भिक चरणका कार्यक्रमहरूले अन्मिनको कार्यादेश र शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन अन्मिनले गर्ने कार्यबारे स्पष्ट पार्नेछन्। यी कार्यक्रमहरू मुख्यतः अन्मिनले गर्ने हतियार तथा सेना अनुगमन र निर्वाचन आयोगलाई संविधानसभा चुनाव तयारीका लागि अन्मिनले दिने प्राविधिक सहयोगमा केन्द्रित हुनेछन्। सुरूमा यो कार्यक्रम नेपालीमा प्रसारण हुनेछ र केही साताभित्रै नेपालका पाँच अन्य भाषाहरू - मैथली, भोजपुरी, अवधी, थारू र तामाङ् - मा पनि प्रसारण हुनेछ।

*अन्मिनको बोली* रेडियो नेपालमा हरेक सोमबार र शुक्रबार (बिहान ८:१५ बजे); रेडियो सगरमाथामा हरेक मंगलबार (बिहान ८:३० बजे) र शनिबार (बिहान ९:०० बजे); उज्यालो नेटवर्कमा हरेक सोमबार र बिहीबार (साझेदार स्टेशनहरूको सहमति अनुसार बिहान ६:४५ र ७:३० को बीचमा); ईमेज एफ्एम्मा हरेक आइतबार र शुक्रबार (बिहान ७:१५ बजे); तथा कान्तिपुर एफ्एम्मा हरेक मंगलबार र शुक्रबार (बिहान ७:३० बजे) प्रसारण हुनेछ ।

BICC Complex, New Baneshwor, GPO Box 15211, Kathmandu, Nepal, Tel: + 977-1-501-0036/37/38, Fax: +977-1-501-0040